E-mail: deo.parsa@election.gov.np

निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

पर्सा, वीरगंज

प.स. २०८३/०८४
च.नं. २५

मितिः-२०८३/०५/३१

**श्री स्थानीय तहको कार्यालय (सबै),**
**पर्सा ।**

**<u>मतदाता नामावली अध्यावधिक कार्यक्रम सम्बन्धमा ।</u>**

उपरोक्त सम्बन्धमा निर्वाचन आयोगको मिति २०८३/०४/१५ बसेको बैठकको निर्णयानुसार हाल कायम अन्तिम मतदाता नामावली र २०८३ भाद्र १५ गतेसम्म सङ्कलन भएको तथा सोही मितिसम्म अद्यावधिकका लागि निवेदन दिएका मतदाताहरुको विवरण समावेश गरी मतदाता नामावली ऐन, २०७३ को १३ बमोजिम प्रकाशन गर्ने प्रयोजनार्थ मतदाता नामावली तयार गरी संलग्न अनुसूची १ बमोजिम मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुने भएकोले यो सूचना तहाँ स्थानीय तह र अन्तर्गतका वडा कार्यालयहरुमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाइ मतदाता नामावली अद्यावधिक कार्यक्रममा सहजीकरण गरिदिनहुन सादर अनुरोध छ ।

Anan 2083/5/31
...........................
**अनामिका रौनियार**
**जिल्ला निर्वाचन अधिकारी**
जिल्ला निर्वाचन अधिकारी

वीरगंज महानगरपालिका १३, पर्सा नेपाल फोन नं. ०५१-५२५८३८ मोबाइलः ९८५५०३५८३८ फ्याक्सः ०५१-५२५८३८
**"फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गरौं"**

अनुसूची-१

# प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, पर्सा

## मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक कार्य २०८३ साल असोज महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | असोज १ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | असोज २ | असोज १२ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | असोज २ | असोज १२ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | असोज १३ | असोज १६ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | | असोज १९ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | असोज २० | असोज २६ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | असोज ३० | | निर्वाचन आयोग |

२०८३।५।२९
जिल्ला निर्वाचन अधिकारी